सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : १२४ | वि.सं. २०७९ मंसिर १८ गते आइतबार | 04, 2022 Sunday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## अन्तर्घातीलाई एमाले पर्साले गऱ्यो कारबाही ।

**कृष्णा कुशवाह , पर्सा**

**वीरगन्ज ।** मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य एवम् प्रदेश सभा सदस्य निर्वाचनको क्रमममा अन्तर्घात गर्ने, पार्टीले उठाएको उम्मेदवारका विरुद्ध बागी उठ्ने नेता तथा कार्यकर्तालाई एमाले पर्सा कमिटीले कारबाही गरेको छ । निर्वाचन समीक्षा गर्न बसेको एमाले सचिवालय कमिटी बैठकले अन्तर्घात र बागी उठ्नेहरुलाई साधारण सदस्य नरहने गरी पार्टीबाट निष्कासन गरी कारबाही गरेको जिल्ला कमिटी अध्यक्ष जयप्रकाश थारूले बताए । अधिकांश क्षेत्रहरूमा अन्तर्घात भएको कारण पार्टीले हार व्यहोर्नुपरेको ठहर



गर्दै केन्द्रीय पार्टीको निर्देशनमा अनुशासन विपरित गतिविधि गर्नेलाई कारबाही गरेको हो । कारबाही पर्नेहरुमा संगठित सदस्य , प्रदेश कमिटी सदस्यदेखि केन्द्रिय सदस्य समेत रहेको छन् । जिल्ला कमिटी अध्यक्ष थारुको अध्यक्षता एवं केन्द्रिय सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजारको प्रमुख आतिथ्यमा बसेको सचिवालय कमिटीले पार्टीको कमिटीले सिफारिश गरेको आधारमा अनुसन्धान गरी कारबाही गरेको छ ।

सचिवालय कमिटीको बैठकले पार्टीको साधारण सदस्य समेत नरहने गरी कार्वाही गरेको नमलवाली यसप्रकार छन् :- जिल्ला कमिटी सचिव एवं छिपहरमाई गाउँपालिका अध्यक्ष मनोज गुप्ता , जिल्ला कमिटी सदस्य एवं सखुवा प्रसौनी गाउँपालिका अध्यक्ष यसवन्त यादव , जिल्ला कमिटी सदस्य एवं वडा अध्यक्ष वासुदेव महत्तो थारु , नाजुदिन अंसारी , इमरान हुसेन , मंजूर आलम , पवन तिवारी , सुबास साह कानु , वीरेन्द्र साह कानु , मौजीलाल साह कानु , मुस्तकीम अंसारी , रामप्रित महतो थारु , अमानत अंसारी , नबिजान मियाँ सहितलाई आज देखि पार्टीको साधारण सदस्य समेत नरहने गरी कार्वाही गरिएको जिल्ला कमिटी अध्यक्ष थारुले बताए ।

यस्तै उक्त सचिवालय कमिटीको बैठक पार्टीको निर्देशनमा अनुशासन विपरित

*बाँकी तेश्रो पृष्ठमा*

## अहमदिया संघ नेपाल द्वारा रक्तदान कार्यक्रम सम्पन्न




**बीरगन्ज, १७ मंसिर ।** सबैलाई प्रेम गर, कसैलाई घृणा नगर'भन्ने नारा सहितआज विन्दावासिनीको प्रसौनी भाठामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । विन्दावासिनी गाउँपालिका वडा नं ५ मा भएको रक्तदान कार्यक्रममा ३०जनाले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रममा विन्दवासिनी गाउँपालिका अध्यक्ष प्रमोद तिवारीको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

अहमदिया संघ नेपालको आयोजना तथा नेपाल रेडक्रस सोसाईटीको समन्वयमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा अहमदिया संघ नेपालका अध्यक्ष कमरुल होदा अन्सारी अध्यक्षतामा सम्पन्न्न भएको छ।

सो कार्यक्रममा विन्दवासनी गाउँपालिका वडा नम्बर ५ को वडाध्यक्ष मोहन राउत अहिर लगायतकाको सहभागिता रहेको अहमदिया संघ नेपालका पर्सा ईन्चार्ज हासिम अहमदले जानकारी गराए। यस संस्थाले बिगत लामो समय देखि यस्ता बिभिन्न किसिमका हरु गर्दै आएको छ। हावाहुरीमा , भुकम्प पिडित तथा कोरोनाको बेलामा रहत सामग्रीहरू वितरण गरेका छ।

## मंसिर १८ गते आर्दशनगर स्थित रंगशालामा सांगीतिक यात्रा' नेपथ्य लाईभ कन्सर्ट हुने



**मंसिर,१७ आनन्द पटेल**

वीरगञ्जमा हुन लागेको 'मानवताको लागि सांगीतिक यात्रा' नेपथ्य लाईभ कन्सर्टको तयारी पुरा भएको छ । करिब १८ बर्षपछि मंसिर १९ गते सोमबार अपरान्ह आर्दशनगर स्थित रंगशालामा सांगीतिक यात्रा' नेपथ्य लाईभ कन्सर्ट हुने भएको छ। शनिबार आयोजित पत्रकार सम्मेलनमा मानव सेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले देशभरी मानव सेवा

*बाँकी तेश्रो पृष्ठमा*

## मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष भट्टराईको निधन

**वीरगञ्ज, १७ मंसिर ।** मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष शिवहरी भट्टराईको निधन भएको छ ।

नेपाल पत्रकार महासंघ सप्तरीका संस्थापक सभापति एवम् पूर्व केन्द्रीय उपाध्यक्ष समेत रहेका भट्टराईको निधन भएको हो ।नेपाल पत्रकार महासंघ सर्लाही शाखाको ११ औं साधारण सभाका लागि सर्लाहीमा रहेका भट्टराई राति कोठामा सुतेको अवस्थामा मृत भेटिएका हुन् ।

उनको निधनपछि साधारण सभा पनि स्थगित गरिएको छ ।

## वीरगन्जमा ई-रिक्साहरुको व्यवस्थापन हुन नसक्दा ट्राफिक जामको समस्या।

**कृष्णा प्र. कुशवाहा**

**वीरगन्ज । वीरगन्जमा सञ्चालित ई-रिक्सा, हरुको व्यवस्थापन हुन नसक्दा वीरगन्जबासीले ट्राफिक जामको समस्या झेल्नु परेको छ । जथाभावी ई-रिक्सा पार्किङ्ग, रोडमै रोकेर यात्रु चढाउने, ओराल्ने गर्नाले वीरगन्ज महानगर अस्तव्यस्त बनेको छ ।**

**साथै ई-रिक्सा सञ्चालनका लागि वीरगन्ज महानगरले धेरै किसिमको मापदण्ड समेत बनाएको हुदा हुादै वीरगन्ज महानगरकाका यातायात शखा प्रमुख ले लागु गर्न पाएका छैन ।**

**युवादेखि वृद्ध-वृद्धा तथा स-साना बालकहरुले पनि बिना लाइसेन्स ई-रिक्सा चलाउने गरेको छन् ।**

**जसको परिणाम वीरगन्ज बजारमा दिनहु ट्राफिक जामको समस्या हुने गरेको छ । सानो उमेरका युवाहरु पनि लाइसेन्स विना ई-रिक्सा चलाइरहेकाले सवारी जामको**



**समस्यादेखि दुर्घटनाको समस्या दिनदिनै बढिरहेको छ ।**

**वीरगन्जको घण्टाघरदेखि माइस्थान, आदर्शनगर हुादै अलखियामठसम्म सााघुरा सडक, त्यसमा पनि ई-रिक्साहरुको घुइाचो भएकोले त्यस क्षेत्रमा विहान १० बजेदेखि बेलुका ७ बजेसम्म ट्राफिक जामको समस्या हुने गरेको छ ।**

**नेपाल सरकारले मुलुकलाई प्रदूषणमुक्त बनाउनका लागि ई-रिक्सा भित्र्याएको थियो तर, जथाभावी रुपमा वीरगन्जमा क्षमताभन्दा बढी ई-रिक्साहरु सञ्चालनमा आएपछि अहिले महानगरको कुना-काप्चामा पनि ट्राफिक जाम हुने गरेको छ ।**

**विगतमा वीरगन्जमा ई-रिक्सा भित्र्याउने अवस्थामा वी.म.न.पा. र यातायात व्यवस्था कार्यालय एवं जिल्ला ट्राफिक प्रहरी कार्यालयसाग महानगरमा ५०० सय र थप १ सय ५० गरी ६ सय ५० ई-रिक्सा भित्र्याउने सहमति भएको थियो ।**

**तर विस्तारै विस्तारै मादपण्ड नभएको मौका छोप्दै अहिले वीरगन्ज महानगरमा २ हजारदेखि ३ हजारसम्मको हाराहारीमा ई-रिक्साहरु सञ्चालनमा छन् । वीरगन्ज महानगरपालिका कार्यालयमा ५०० वटा ई-रिक्साहरु मात्रै दर्ता भएका छन्, भने ७० प्रतिशत भन्दा बढी ई-रिक्साहरु मापदण्ड विपरीत सञ्चालनमा छन् । यातायात व्यवस्था कार्यालयले ई-रिक्सा चालकको लाइसेन्स लिनको लागि विगतमा २ पटक फारम खोलेतापनि चालकहरु अटेर गरी लाइसेन्सको फारम समेत भरेका छैनन् ।**

**यातायात कार्यालयबाट अहिलेसम्म करिब ३०० जनाले मात्रै लाइसेन्स प्राप्त गरेका छन् ।विगत लामो समयदेखि ई-रिक्सालाई मापदण्डभित्र ल्याउने महानगरपालिकाले प्रयास**

*बाँकी तेश्रो पृष्ठमा*



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सन्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# मत परिणामलाई कसरी हेर्ने ?

**इन्द्र अधिकारी**

आम चुनावका मत परिणामहरू आउने क्रम जारी नै छ । अरूले भन्दा धेरै मत ल्याउनेले जित्ने अर्थात् प्रत्यक्ष भनिने प्रणाली अन्तर्गतका १६५ सिटका रुझानहरूलाई लिएर कुन दल कति लोकप्रिय, कुन दलका मतदाताले कता मत दिए होलान् भन्नेजस्ता अडकलहरू काट्न थालिएका छन् ।

एमालेलाई अहिलेको नतिजाले झस्काएको छ, तर विषम परिस्थितिमा पनि बाह्य जगत् र मतदातालाई सकारात्मक सन्देश दिन खप्पिस उक्त दल अहिलेको नतिजालाई आफ्नो पक्षमा रहेको देखाउने प्रयोजनका लागि नयाँ भाष्य गढ्न उद्यत छ । कांग्रेस र माओवादी आफ्ना मतदाता र समर्थकहरूलाई दलको भविष्यबारे कसरी सकारात्मक बनाइराख्ने भन्नेतिर खासै काम गर्ने मुडमा देखिन्नन् । चुनाव नतिजालाई कतिपय दल र नेताकै आँखाबाट नभई नेपाल स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टीजस्ता नयाँ दलहरूले कसरी त्यत्रो जनादेश पाए; यसको असर कुनकुन दललाई पऱ्यो; समग्रमा एमाले, कांग्रेस र माओवादीलाई उनीहरूका मतदाता र आम नागरिकले के सन्देश दिएका छन् एवं यी सन्देशलाई ती दलले सहजै बुझ्न सक्लान् या सक्दैनन् भन्ने दृष्टिकोणबाट हेर्न सकिन्छ ।

पहिलो, अघिल्लो चुनावमा भन्दा यस पटक २५ लाख ६० हजार ६३२ नयाँ मतदाता थपिएका थिए । नयाँ दलहरूले त्यो संख्याभन्दा थप २ लाख मत लिइसकेको देखिन्छ । नयाँले सबै नयाँ नै छाने होलान् भन्ने अनुमान गर्न त नसकिएला, किनभने तिनले कम-से-कम राम्रै संख्यामा ती नयाँ मतदातालाई निर्वाचन आयोगको कार्यालयसम्म पुऱ्याउन राम्रै कसरत गरेका हुन्छन् । तर त्यसको ठूलो हिस्सासले कि प्रत्यक्षमा कि समानुपातिकमा गरेर कम-से-कम एक भोट त्यहाँको 'युवा' उम्मेदवार वा नयाँ दललाई दिएको छ । त्यस्तै, यस पटक राम्रै संख्यामा पाका मतदाताले पनि नयाँ दल र नयाँ उम्मेदवारलाई छानेको देखिएको छ । एउटा अनुमान के गर्न सकिन्छ भने, नयाँ नाम दर्ता गरेकामध्ये मतदानमा सहभागी हुनेको संख्या पुराना मतदाताभन्दा तुलनात्मक रूपमा बढी अवश्य भयो । यसको मतलब अघिल्लो आम निर्वाचनमा मत हालेका करिब ७ देखि ८ प्रतिशत नागरिकले यसपालिको मतदानमा भाग लिएनन् । त्यस्ता नागरिक मतदानमा किन गएनन्, गएका भए कुन दललाई मत हाल्थे होलान् त भन्नेजस्ता विषय पनि चोकचोकमा छलफलमा छन् । केही महिनाअघिको स्थानीय तह निर्वाचनको परिणाम, अघिल्लो निर्वाचनको तुलना र यस निर्वाचनको सुरुआती चरणदेखि मौन अवधिसम्म देखिएका दलीय परिचालनले केचाहिँ अवश्य भनेको छ भने, यस पटक मतदानमा सहभागी नहुनेमध्ये धेरै सत्ता गठबन्धनका, मुख्य रूपमा कांग्रेसका र त्यसपश्चात् माओवादीका मतदाता रहेछन् ।

**गठबन्धन दलका मतदाताबाटै समानुपातिकको अवमूल्यन**

मौन अवधि सुरु हुने दिन राजधानीको नजिक तर नुवाकोट सदरमुकामबाट अलिक टाढा रहेको एउटा गाउँमा पुग्दा त्यहाँ स्थानीय तह चुनावमा पालिका उपाध्यक्षमा निकटतम प्रतिद्वन्द्वी रहेकी कांग्रेस नेत्री भन्दै थिइन्, 'हाम्रामा त समानुपातिकमा समेत मत कसलाई दिने भन्नेमा मतदातामा अन्योल छ । मतदाताका घरदैलो गरेर समानुपातिकमा उम्मेदवार मै हुँ भन्नसमेत कोही आएकै छैनन् ।' परिणाम पनि त्यस्तै आयो । यसअघिको वाम गठबन्धन हुँदा कांग्रेस पहिलो सशक्त दल भएको, गत स्थानीय तह चुनावमा कांग्रेस पहिलो र माओवादी दोस्रोमा रहेको अनि उनी आफैं मतदाता भएको त्यस क्षेत्रमा जब संघीय संसद् र प्रदेशसभा दुइटैमा सत्ता गठबन्धनका माओवादी नेताहरूलाई उम्मेदवारी मिल्यो, आमसभा र घरदैलोमा प्रत्यक्षकै उम्मेदवारसँग हँसिया हथौडा चिह्न साथ लिएर जानुपर्ने उनको बाध्यता रह्यो । परिणामतः, समानुपातिक मतमा यसपालि एमालेभन्दा झन्डै ७ सय मत कमसहित कांग्रेस दोस्रोमा रह्यो । सोही जिल्लाको अर्को निर्वाचन क्षेत्र – जुन कांग्रेसका लागि त्योभन्दा कमजोर देखिँदै आएको थियो – मा कांग्रेसका उम्मेदवार संघीय संसद्मा उठ्नाले समानुपातिकमा पनि एमालेभन्दा झन्डै २ हजार मत धेरै ल्याएर पहिलो बन्यो । यी तथ्यहरूले दुईवटा अवस्था बताइरहेका छन् । पहिलो, गठबन्धनका नाममा संघमा प्रत्यक्षमा अर्को चुनाव चिह्नका लागि मत मागेर समानुपातिकमा चाहिँ आफूलाई देऊ भन्न त्यति सहज नहुने । अर्को, प्रत्यक्षमा दुवै मत अन्य दललाई दिनुपर्दा, राजनीतिमा रुचि राख्नेहरू नै पनि समानुपातिकमा मात्र मत हाल्न कम परिचालित भइदिने अर्थात् सबै मतदातालाई मतदान केन्द्रसम्म लैजान नसकिने ।

उदाहरणका लागि, काठमाडौं उपत्यकामा जहाँजहाँ कांग्रेसका उम्मेदवारहरूले संघीय संसद्मा टिकट पाए, क्षेत्र नम्बर ५ र ६ मा बाहेक अन्यत्र समानुपातिक मत सबैभन्दा बढी कांग्रेसले पाएको छ । उम्मेदवार नभएका क्षेत्र नम्बर २ मा चौथो, ७ मा तेस्रो, ८ मा चौथो र ९ मा तेस्रो स्थानमा रहने गरी कांग्रेसले मत ल्याएको छ । कांग्रेसले संघीय संसद्मा उम्मेदवारी पाएको ललितपुर १ मा समानुपातिकमा पहिलो स्थानको मत पाइरहँदा समाजवादी र माओवादीका उम्मेदवार भएका अरू दुई क्षेत्रमा समानुपातिकमा कांग्रेस क्रमशः तेस्रो र चौथो भएको छ । कतै समानुपातिक उम्मेदवारहरू मनले नखाने खालका देखिएर त होइन भन्ने प्रश्न उठेको भए पनि प्रत्यक्ष उम्मेदवारसँग समानुपातिकको मत जोडिएर आएको यो शृंखलाबाट मतदाताहरूमा अहिले पनि समानुपातिकमा हालेको मतले संसद् र भविष्यको सरकार गठन या विघटनमा प्रत्यक्ष निर्वाचनबाट चुनिएकाको जस्तै भूमिका राख्ने सदस्य चयन हुने हो भन्नेमा विश्वास नभएको देखियो । अर्थात्, समानुपातिक निर्वाचन प्रणाली र त्यसका सबल पक्षबारे दलहरू जनतामा जान सकेनन् । संसद्लाई समावेशी बनाउन कुनै क्लस्टरको बढी र कुनैको घटी प्रतिनिधित्वबाहेक समानुपातिकमा पनि जनताले दलहरूले निर्वाचन आयोगमा पठाएको उम्मेदवार सूचीलाई नै अनुमोदन गरेर सांसद बनाउने हो, त्यसैले प्रत्यक्षमा आफूले मन पराएको दलको उम्मेदवार नहुँदैमा समानुपातिकमा पनि मत नहाल्दा त्यसको फाइदा विपक्षीलाई नै हुन्छ भन्ने कुरा सत्ता गठबन्धनका शुभेच्छुकहरूलाई बुझाउन ती दलले सकेनन् ।

**जित्ने दम्भबीच मतदातामा अन्योल र निराशा**

यस पटक सत्ता गठबन्धनविरुद्ध सुरुमा बनाइएको 'यो शक्ति सैद्धान्तिक विचलनको उभार हो' भन्ने भाष्यलाई राष्ट्रिय रूपमा नचिर्दा एकातिर आम मतदातासम्मले त्यही प्रश्न गरिरहेका थिए भने अर्कातिर केही समयअघिको स्थानीय तह चुनावको मतलाई हेरेर उत्साहित उम्मेदवार र तिनका कार्यकर्ताहरू केही मतदाता नआउँदैमा निर्वाचन नहारिने भन्दै ढुक्क भए । 'गठबन्धनका कारण जितिहालिन्छ, किन अरू बेलाजस्तो मिहिनेत गर्नु र' भन्ने खालका भनाइ उम्मेदवार र तिनका निकटस्थहरूबाट आइदँदा उम्मेदवारलाई घुर्काएर अलिक महत्त्व पाउने आशामा रहेकाहरूले यस पटक सोचेजति भाउ पाएनन् । परिणामतः, मानिसहरूले अलि अघिल्ला चुनावहरूमा झैं उत्साहका साथ कार्यक्षेत्रबाट थाकथलो फर्किएनन्; गाउँघरमै भएका सबै पनि बुथसम्म गएनन् । कतिपयले

बाँकी तेस्रो पृष्ठमा

# परम्परागत राजनीतिको गोधूलि

**शंकर तिवारी**

चुनावी परिणामबारे बहुआयामिक रूपबाट व्याख्या-विश्लेषणहरू भइरहेका छन् । एकातर्फ यो जनादेशमा नेपाली जनताको विगतको भोटिङ शैलीको निरन्तरता देखिन्छ भने, अर्कातर्फ केही नवीनता पनि छ । यो लेख त्यही जनादेशबारे र नयाँ प्रधानमन्त्रीका लागि संसद्को ठूलो दल नेपाली कांग्रेसभित्र देखा परेको आन्तरिक घर्षणबारे केन्द्रित रहनेछ ।

२०७९ सालको चुनाव नयाँ राजनीतिको जनाउ-घण्टीका लागि लोकतन्त्रको इतिहासमा अंकित भएको छ । परम्परागत र वैकल्पिक शक्ति दुवैका लागि 'डु अर डाई' को अवस्था बनेको छ । अझ संयमित भाषामा भन्नुपर्दा, पुराना र नयाँ दुवै शक्तिलाई भूमिका दिएर आम नागरिकले जनमतको कठघरामा उभ्याइदिएका छन् । उनीहरू मिलेर काम गर्नुपर्नेछ, त्यो मानेमा यो जनमतलाई मध्यमार्गी पनि मान्न सकिन्छ । पुरानोलाई पनि सम्पूर्ण रूपमा अस्वीकार नगरिएको र नयाँलाई पनि सम्पूर्ण रूपमा अंगीकार नगरिएको अवस्था देखिन्छ । यसलाई निरन्तरतामा नवीनता भन्नु उपयुक्त होला । पुरानो निरन्तरता किनभने, अहिले २०४८ सालयताको राष्ट्रिय चुनावी प्रवृत्तिलाई हेर्दा नेपाली कांग्रेसको प्रथम दल हुने पालो थियो र यो संसद्को सबभन्दा ठूलो दल बन्न सफल भएको पनि छ । नवीनताको कुरा गर्दा, वैकल्पिक शक्तिका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी, मधेशमा जनमत पार्टी र पश्चिम तराईमा जातीय राजनीतिको झल्को दिने जनमुक्ति पार्टी उदाएका छन् । घोषित रूपमा दक्षिणपन्थी रुझान राख्ने राप्रपा पनि २०६४ सालको आघातबाट २०७० सालमा चलमलाएजस्तै २०७४ सालको आघातबाट २०७० सालकै हाराहारी उपस्थिति देखाउन सफल भएको छ ।

यो चुनावको सर्वाधिक ठूलो सन्देश हो– जनताको राजनीतिक साक्षरता ह्वात्तै बढेको छ । देशभरि 'स्विङ भोट' बढेको छ । स्विङ भोट प्रियतावादी शक्तिलाई अनुमोदन गर्ने गल्ती नगर्दासम्म लोकतन्त्रको स्वास्थ्यका लागि सुखद संकेत हो । २०५१ सालका बदनाम अनुहारहरू २०५६ सालमा पराजित भएजस्तै २०७४ सालका धेरै सांसद अहिले प्रत्यक्षतर्फ पराजित भएका छन् । पार्टी शीर्ष नेतृत्वको अन्धानुकरण गर्ने, उनीहरूको खराब नीतिको आलोचना नगर्नेहरूलाई मतदाताले दण्डित गरेका छन् ।

परम्परागत रूपमा कम्युनिस्ट वर्चस्वका रूपमा देखा परेको काठमाडौंमा कम्युनिस्टहरूको परम्परागत आधार खुम्चिएर एक सिटमा झरेको छ । २०७४ सालको स्थानीय निर्वाचनमा तत्कालीन साझा र विवेकशील पार्टीका मेयर उम्मेदवारहरू रञ्जु दर्शना र किशोर थापाको मतको योगफल ४०-४५ हजारआसपास थियो । त्यही सालको आम निर्वाचनमा स्वतन्त्रतर्फ ढल्केको त्यो मत यथावत् रहँदै केही मात्रामा वृद्धि भएको थियो । त्यही मत २०७९ सालको स्थानीय तह निर्वाचनमा आइपुग्दा दोब्बर भएर बालेन शाह र सुमन सायमीको मत जोड्दा ८० हजार हाराहारी पुगेको थियो । त्यो मत २०७९ सालको संसदीय निर्वाचनमा स्वतन्त्रका नाममा हावामा उडिरहेको थियो । तर कांग्रेसले समेत त्यो मतबारे बहस गर्ने जाँगर चलाएन । त्यो ८० हजार मत भनेको काठमाडौं महानगरका वडा सम्मिलित ९ निर्वाचन क्षेत्रमा दामासाहीका दरले भाग लगाउँदा पनि उनीहरूको भागमा ९ हजार मत स्वतः परेको थियो । काठमाडौंका मेयर बालेन शाहले राम्रो वा नराम्रो काम जे गरे पनि परम्परागत दलहरूका निर्वाचित सांसदले फरक अनुभूति दिलाउन नसक्ने हो भने स्वतन्त्रहरूको अहिले रहेको ८० हजारको मत आधार २०८४ सालसम्म पुग्दा अझै फैलिएर १ लाखभन्दा बेसी हुनेछ । त्यो भनेको काठमाडौंको मेयर मात्र नभएर काठमाडौंका १० संसदीय निर्वाचन क्षेत्रमा परम्परागत दलबाहेकका वैकल्पिक शक्तिहरूले सहजै वर्चस्व स्थापित गर्ने संकेत हो । २०७४ र २०७९ सालका चुनावबाट २०८४ सालका लागि पाठ सिक्ने कि नसिक्ने ? शासकीय र सेवाप्रवाहको अविश्वसनीय पाटोले उत्पन्न गर्ने समाजशास्त्रीय आयाम बुझ्ने कि नबुझ्ने ? परम्परागत दलहरूले प्राथमिकता निर्धारण गर्नेपर्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेको नागरिकता विवादसँगै त्यस पार्टीको आन्तरिक व्यवस्थापन कसरी हुन्छ, यसै भन्न सकिन्न । संसद्मा उनले राम्रो काम गरून् भनेर शंकाको सुविधा दिनैपर्छ । पूर्वी तराईमा सीके राउतले पहिचानबाट जातीय राजनीतिमा रुमलिएको मधेशको राजनीतिलाई विकास र मुद्दामुखी बनाउन कोसिस गरेका छन् । यो उपेन्द्र यादवदेखि राजेन्द्र महतो हुँदै महन्थ ठाकुरसम्मलाई ठूलो 'सबक' हो । थरुहट आन्दोलनका क्रममा जेल परेका रेशम चौधरीले पश्चिम तराईमा श्रीमतीदेखि आफ्ना पितासम्मलाई संघीय संसद्मा प्रत्यक्षतर्फबाट जित दिलाएका छन् । प्रचण्डलाई माओवादी पार्टीको तीव्र गतिमा भइरहेको जनमोर्चाकरण रोक्ने चुनौती छ । अहिलेको मत परिणामले माओवादीको आधार खुम्चिँदै गरेको झन् स्पष्ट संकेत गरेको छ । सहरी इलाकामा माओवादीको क्षयीकरण २०७० सालको दोस्रो संविधानसभा निर्वाचनदेखि नै प्रारम्भ भएको हो ।

बाँकी तेस्रो पृष्ठमा

# सङ्लो सोच, सुन्दर भविष्य

**गोपीकृष्ण ढुंगाना**

यदि अबका दिनमा पनि सत्ता र संसद्मा पुग्ने नेतामा 'भिजन', 'डिसिजन' र 'एक्सन'को 'रिदम' मिलेन भने नेपाल र नेपालीको अवस्था अझै पाँच वर्ष जहाँको तहीँ हुनेछ।

भनिन्छ, नदीमा बग्ने पानी सङ्लो आओस् भन्ने अपेक्षा राख्ने हो भने बगिरहेका ठाउँहरू होइन, मुहान नै सफा गर्नुपर्छ। नेपाली समाजले निरन्तर परिवर्तन खोजेको छ। २००७ सालदेखि गरिएको विकासको अपेक्षाले सात दशक नाघिसकेको छ। २०४६ पछि त आमूल परिवर्तनकै लक्ष्य राखिएको हो। नेपाली नागरिकले अन्ततः समृद्धि चाहेका हुन्। २०७९ को आवधिक निर्वाचन सम्पन्न भएको छ। सकारात्मक परिवर्तनको पर्खाइमा रहेका नागरिकको मनमा अब केही हुन्छ कि भन्ने आशा पलाएको छ। जनताको आशा सुरक्षा, न्याय र विकासमा केन्द्रित छ। सबै कुरा सहज र सुलभ होउन् भन्ने चाहना छ। यसैलाई परिवर्तन वा समृद्धि भन्न सक्छौं। परिवर्तनका लागि मूलतः मानवीय र भौतिक विकास हुन जरुरी छ।

विश्व परिवेश विश्लेषण गर्ने हो भने भौतिक विकाससँगै सबै खालका विकास जोडिएर भएको पाइन्छ। सन् २००० मा सम्पन्न संयुक्त राष्ट्रसंघको पृथ्वी शिखर सम्मेलन (रियो/अर्थ समिट)मा दिगो विकासका आधार तीनवटा मानिएको छ, आर्थिक विकास, सामाजिक विकास र वातावरणीय विकास। तीनवटै विकास जोडेपछि मानव विकास सम्भव छ। समग्र मानव विकास भनेकै 'समृद्धि'को टेको हो। नेपाल समृद्ध नहुनुमा कोही बढी जिम्मेवार छन् भने ती 'राजनेताहरू' नै हुन्। राष्ट्रोन्नति हुनुमा कोही बाधक छन् भने ती सत्ता हाँक्ने राजनीतिक दलहरू नै हुन्। यो अकाट्य सत्य पचाउन कठिन हुन सक्ला। जसरी जरोबिना रूख न बढ्न सक्छ न फैलन्छ, त्यसरी नै राजनीति विकास र समृद्धिको जरो बनेको छ।

२०७९ मंसिर ४ को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मतदाताले पुराना नेतासँग आफूहरू वाक्कदिक्क भएको परिणाममार्फत देखाइसकेका छन्। धेरैलाई लाग्ला, विकासका बाधक योजनाकार, थिंकट्यांक र कर्मचारीतन्त्र पनि हुन्। तर, होइन। यसको मुहान राजनीति नै हो, राजनेता नै हुन्। टाढा जानै पर्दैन, चीनको विकास र यसको नेतृत्वमात्र हेरे पुग्छ। जसले सपनाको देश अमेरिकालाई अनेक हिसाबले पछि पार्दैछ, पारिसक्यो। जसको नेतृत्व पटकपटक नागरिकको चाहना र आवश्यकता बन्छ। नेपालमा दुईतिहाइ पुऱ्याउने हैसियत दलहरूले राख्दैनन्। जमाना जफत हुने डरले गठबन्धनको विकल्प खोजी गर्छन्। नेपालमा त क्षमताभन्दा अन्य कारणले सत्तामा पुग्ने सिलसिला चलिआएको छ।

विकास र समृद्धि एकल प्रयासले सम्भव छैन। न त यो एक वा दुईले मात्र उपभोग गर्ने विषय नै। सामूहिक सुख र खुसीका लागि सामूहिक प्रयास स्वाभाविक पनि हो। त्यसैले झन्डै तीन करोड नेपाली र यसैभित्रका नेता, बुद्धिजीवी र कर्मचारीको सोचको मुहान जबसम्म सङ्लो हुँदैन, तबसम्म समृद्ध सपना बनिरहन्छ। जसरी नदीको मुहान सङ्लो हुनुपर्छ, त्यसरी नै समृद्धिको मुहान 'सोच' सङ्लो हुनुपर्छ।

व्यक्तिको सङ्लो सोचको जग पारिवारिक पृष्ठभूमि नै हो। त्यसपछि समाज। तेस्रोमा शिक्षा र चौथो स्वास्थ्य हो। शारीरिक अस्वस्थ्य व्यक्ति (नागरिक) मानसिक रूपमा स्वस्थ्य नहुन सक्छ। यदि नागरिक शारीरिक र मानसिक दुवै हिसाबले स्वस्थ्य छ भने मात्र ऊबाट समृद्ध समाजको परिकल्पना गर्न सकिन्छ। सकारात्मकसँगै रचनात्मक मानसिक दृष्टिकोणको विकास भएपछि मात्र सम्भव छ, समाजको परिवर्तन। सोच कमजोर भएरै हो, अधिकांश मानिसले दैनन्दिन जीवनमा आइपर्ने सामान्य बाधासमेत पन्छाउन सक्दैनन् र जीवन नै जञ्जालले बाँधिइरहेको महसुस गरिरहन्छन्। तिनबाट देश विकासका लागि के अपेक्षा गर्ने ? जो रोजीरोटीमै अल्झिरहेको हुन्छ, उसबाट अरूले के र कसरी अनि कति अपेक्षा राख्ने ? अनि सत्ता हाँक्ने राजनेतामा नेपाली नागरिकको यो 'न्यूनतम' अवस्थालाई माथि उठाउनेसम्म 'सोच' देखिन्न। न नागरिक स्वयं यो परिस्थितिभन्दा माथि उठ्ने 'सोच'ले काम गर्न सक्छन्।

नेपाल देश गरिब भयो तर नागरिक धनी पनि छन्। संघीयता कार्यान्वयन भए पनि, यसले गाउँघरमै सिंहदरबार दिए पनि, आँगनमै जनप्रतिनिधि पाए पनि नेपालीका दुःख, अविकास र विनाश ज्यूँका त्यूँ छन्। अविकासका दुष्चक्रका तीखा निबहरूले घोचिरहेका छन्, बारम्बार। नेताहरूको जीवनशैली बदलियो, जनताको जीवन जस्ताको तस्तै। जनता स्वयं आफ्नो परिस्थिति बदल्न सक्ने हैसियतमा अझै छैनन्। यसै पनि नेपालीलाई रेल सपना भएको छ, हैसियत जे भए पनि त्यही रेलजस्तै लामा सपना छन्, नेपाली जनताका। त्यसैले दल र तिनका नेताले नै हो, विशेष कार्यक्रमहरू ल्याएर जनताको भाग्य र भविष्य बदल्ने। दुर्भाग्य, आजसम्म कुनै नेतामा यसपालि सकारात्मक सोच आएन। स्वतन्त्र र नयाँ दलबाट जित्ने सांसदले चाहे भने जनता नागरिकको हैसियतमा पुग्नेछन्। बदलिन सक्छ तिनको जीवनशैली। त्यसैले अब नयाँ सांसदमा सोच सफा हुनुपर्छ।

करोडौं खर्चिएर जनप्रतिनिधि, सांसद, मन्त्री बन्नेहरूले भ्रष्टाचार गरेरै कमाउने हो। तिनको लगानी उठाउने अर्को शुद्ध बाटो छैन। त्यसरी संसद् वा सत्तामा पुगेकामा आउने 'सोच'लाई सबैले मजैले विश्लेषण गर्न सक्छन्। त्यो सोचको मनोविज्ञान बुझ्न सक्छन्, भलै जनता मनोवैज्ञानिक किन नहोऊन्। निर्वाचनमा गडबडी गरेर आएको मान्छेले सत्तामा गडबड गर्दैन भन्ने आधार के ? पैसा खर्च गरेर आएपछि नीतिगत भ्रष्टाचारमा रुमलिन्छ। अनेक छिद्रहरू राख्छ। नत्र ऊ सकिन्छ। कसैले

बाँकी अन्तिम पृष्ठमा

